## सभापोखरी गाउँपालिका
## उद्यम विकास कोष कार्यविधि २०७६

**प्रस्तावना -**

सभापोखरी गाउँपालिका आफैले पनि आन्तरिक स्रोतको व्यवस्थापन गरी गाउँपालिकामा उद्यमशिलताको विकास गर्नु जरूरी भएको छ । यस गाउँपलिकाबाट सरकारी वेतनधारीहरूको केही महिनाको पारिश्रमिक जम्मा गरी एउटा कोष निर्माण गर्ने र सो कोषबाट गरिव तथा विपन्न तर केही गरौ भन्ने जोश र जागर लिएको वर्गलाई केही ऋण स्वरूप आर्थिक सहायता प्रदान गरी उद्यमशिलताको विकास गर्ने अभिप्रायले यो कोषको स्थापना गरिएको हो । गाउँपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिबृद्धि गर्ने प्रयोजनका लागि गाउँपालिको समग्र पक्षको विकास गर्ने लक्ष यो कोषको रहेको छ । तसर्थ स्थानीय सरकार ऐन २०७४ को भाग १०२ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको वैठकद्वारा"सभापोखरी गाउँपालिको उद्यम विकास कोष कार्यविधि २०७६" तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यस कार्यविधिको नाम "सभापोखरी गाउँपालिको उद्यम विकास कोष कार्यविधि २०७६" रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्य विधिमा,

(क) "सभापोखरी गाउँपालिको उद्यम विकास कोष कार्यविधि



२०७६" भन्नाले प्रचलित ऐन, नियमावली बमोजिम सभापोखरी गाउँपालिको गाउँ कार्यपालिकावाट स्वीकृत भइ राजपत्रमा प्रकाशित उद्यम विकास कोष कार्यविधिलाई सम्झनु पर्दछ ।

(ख) "कोष" भन्नाले गाउँपालिकाका कर्मचारीले शुरूमा आफ्नो केही महिनाको वेतनवाट जम्मा गरी शुरू भएको र त्यस पछि यो कोषमा प्राप्त हुने सवै प्रकारको रकमलाई सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले सभापोखरी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(घ) "अनुगमन समिति" भन्नाले यस कोषको अनुगमन तथा संचालन गर्ने समितिलाई समितिलाई सम्झनुपर्छ ।

(च) "कार्यपालिका" भन्नाले सभापोखरी गाउँकार्यपालिका सम्झनु पर्छ ।

(छ) "पदाधिकारी" भन्नाले सभापोखरी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य तथा सभाका अन्य सदस्य समेतलाई सम्झनुपर्छ । यस शब्दले गाउँपालिकाले आफ्नो कार्य सम्पादनका सिलसिलामा गठन गरेका जुनसुकै समिति वा उपसमिति वा कार्यदलका सदस्यहरू समेतलाई सम्झनुपर्दछ ।

(ज) "सभा" भन्नाले सभापोखरी गाउँसभालाई वुझाउनेछ ।

(झ) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिमको सभापोखरी गाउँपालिकालाई सम्झनुपर्छ ।

(ण) "गाउँपालिका" भन्नाले सभापोखरी गाउँपालिकालाई सम्झनु पर्नेछ ।

३. **कार्यवधिको उद्देश्य:** यस कार्यवधिको उद्देश्य देहाय बमोजिम हुनेछ,

(क) गाउँपालिले उद्यमशिलताको विकास गरी कर्मचारीको प्रयासद्धारा कोष स्थापना गर्ने । सबै प्रकारका स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेही पूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुर्याउने,



स्थानीय राजपत्र

(ख) गाउँपालिको स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्ट गराउने,

(ग) गरिव तथा विपन्न वर्गको उत्थान गर्ने ।

(घ) गाउँपालिकामा भएका स्रोत र साधनको प्रभावकारी उपयोग गर्ने

(ङ) गरिवि निवारण गर्दै आत्मनिर्भरताको विकास गर्ने ।

(छ) रोजगारीको अवसर श्रृजना गर्ने ।

(ज) सहभागितामूलक कार्य सम्पादनको विकास गर्ने ।

(झ) उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

(ज) उत्प्रेरणाको विकास गर्दै श्रृजनशिलतको विकास गर्ने ।

**४. कोषको स्थापनाः-**

१) स्थानीय गाउँपालिबाट वेतनधारीको केही महिनाको पारि-श्रमिक जम्मा गरी कोष जम्माको शुरुवात गरिनेछ र त्यस कोषको अधिकतम परिचालन गरिने छ ।

२) उपनियम १ बमोजिमको कोषमा देहाय वमोजिमको रकम प्राप्त हुनेछ ।

क) गाउँपालिकावाट पारिश्रमिक लिने कर्मचारीहरूवाट प्राप्त रकम ।

ख) लगानी गरिएको रकमबाट प्राप्त हुने व्याज रकम ।

ग) अन्य कुनै श्रोतवाट प्राप्त हुने रकम ।

**५. कोषमा रकम जम्मा गर्ने :**

१) गाउँपालिकाबाट पारिश्रमिक वा सेवा सुविधा लिने सवै जनप्रतिनिधिहरू, निजामति वा अन्य सवै सेवाका कर्मचारीहरूको कम्तिमा एक महिनाको पारिश्रमिक उठाइ कोषमा जम्मा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम कोषमा रकम उठानउने र जम्मा गर्ने दायित्व कार्यालय प्रमुखको हुनेछ ।

(३) उद्यम विकास कोषको रकम नेपाल राष्ट्र वैकबाट वैकिं• कारोवार गर्न इजाजत प्राप्त कुनै वैकमा खाता खोली जम्मा गरिने छ ।



(४) उपनियम (१) र (२) बमोजिम कोषमा रकम जम्मा गर्ने अधिकार कार्यसमितिले तोके बमोजिम हुने छ ।

**६. कोषको प्रयोगः** कोषमा जममा भएको रकम गाउँपालिका भित्र कुनै उद्यम वा श्रृजनात्मक कार्य गर्न उत्साहि उद्यमीलाई न्यूनतम व्याजमा दुष्टि वन्धक राखि लगानी गरिनेछ । कोष संचालन सम्वन्धि निर्णय गर्ने अधिकार पूर्णत सन्चालक समितिलाई हुनेछ ।

(१) नियम ५ बमोजिम रकम विनियोजन गर्न तथा विनियोजित रकमवाट सञ्चालित कार्यको अनुगमन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको संचालक समिति गठन हुनेछ ।

(क) अध्यक्ष – संयोजक

(ख) उपाध्यक्ष – सदस्य

(ग) वडाध्यक्षहरू मध्येवाट दुईजना – सदस्य

(घ) कार्यपालिका सदस्य मध्येवाट दुई जना – सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

(२) समितिले आफ्नो कार्यविधि आफै व्यवस्थीत गर्न सक्नेछ ।

(३) समितिको अध्यक्ष तथा सदस्यहरूले समितिको बैठकमा भाग लिए वापत गाउँ कार्यपालिकाले तोके बमोजिमको वैठक भक्ता पाउनेछन् ।

(४) समितिको कार्य संचालन गर्न र कोषको उपयोग सम्बनधमा अनुगमन गर्न

आवश्यक पर्ने जनशक्ति र बजेट समितिले स्वीकृत गरे बमोजिम हुनेछ ।

(५) उपनियम (४) को प्रयोजनको लागि समितिले स्वीकृत गर्ने बजेटको अधिकतम

हद कोषको रकमको एक प्रतिशत भन्दा बढी हुनेछैन ।

**७. कोषको व्यवस्था र संचालनः** उद्यम विकास कोषको संचालन,व्यवस्थापन तथा संरक्षणको सम्पूर्ण अधिकार सन्चालक समितिलाई हुनेछ ।

(१) यस नियमावली बमोजिम कोषमा जम्मा हुने रकम समितिले



स्थानीय राजपत्र

तोकिदिएको
बैंकमा खाता खोली जम्मा गरिदिनेछ ।

(२) उपनियम (१) बमोजिम खोलिएको खाताको संचालन समितिले तोकेको कुनै
पदाधिकारी र सदस्य सचिवको संयुक्त दस्तखतवाट हुनेछ ।

(३) कोषमा जम्मा भएको रकम मध्येवाट समितिले तोके बमोजिमको बचत रकम गरी जगेडा कोषको रूपमा राख्न सकिनेछ ।

८. **कोषको लगानीः** यस कोषमा जम्मा भएको रकम न्यूनतम व्याजदरमा उद्यमता गर्न चाहनेहरूलाई लागानी गरिनेछ । लगानी गर्दा निम्न आवस्यक कागजातहरू समावेश गर्नु पर्नेछ । निवेदन साथ कागजात पेश गरेको एक महिना भित्र समितिले घितो र उद्यमशिलताको प्रश्ताव हेरी लगानी गर्ने वा नगर्ने निर्णय सम्वन्धित उद्यमिलाई जानकारी गराउनेछ ।

निवेदन फारम साथ निम्न कागजातहरू पेश गर्नुपर्नेछ ।

१) जग्गाधनी प्रमाणपुर्जा सक्कलै प्रति
२) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३) पासपोर्ट साइजको फोटो तीन प्रति
४) हकवालाको मन्जुरीनामा
५) उद्यमको विवरण र प्रश्ताव

९. **धितो मूल्यांकन, बन्धक र असुलीः** उद्यम विकास कोष संन्चालक समितिले ले वैक सरह धितो मूल्यांकन गर्न र व्याज दर निर्धारण गर्न सक्नेछ । साथै यसले घितो वन्धक राख्ने र तोकिएको समयमा सावा र व्याज रकम नतिरेको खण्डमा धितो लिलाम गर्ने सम्मको अधिकार प्राप्त गरेको छ ।

–०००–



स्थानीय राजपत्र